# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं श्रावण १८ गते २०११ साल [संख्या ५०

## भाग १

मानतीय प्रधानमन्त्री तथा अर्थमन्त्री श्री मातृकाप्रसाद कोइरालाद्वारा सल्लाहकार सभामा उपस्थित गरिएको

## अन्तःशुल्क बिल

(सल्लाहकार सभाको कार्यविधि नियमधारा ८७ अनुसार प्रकाशित)

नेपालमा बनी तयार भएको वा उब्जा भएको केही वस्तु या पदार्थहरूमा अन्तःशुल्क लगाउन तयार गरिएको

"बिल"

—०—



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अन्तः शुल्क बिल २०११

नेपालमा कुनै कुनै वस्तुमा अन्तःशुल्क लागिआएको भए पनि आजसम्म यसविषयमा केही कानून बनिनसकिएकोले यसविषयमा नियमित रूपले परिआएको काम कारवाई गर्न धेरै बाधा परेकोले तयार गरिएको बिल नेपाल सरकारको सल्लाहकार सभामा पेश गरिएको छ।

## अन्तःशुल्क बिल २०११

पत्रसंख्या ४४६ ११।३।२०१४

नेपालमा बनी तयार भएको वा उब्जा भएको केही वस्तु या पदार्थहरूमा अन्तःशुल्क लगाउन तयार गरिएको बिल।

## (सल्लाहकार सभामा पेश भएको रूपमा)

सल्लाहकार सभाका सल्लाहले श्री ५ महाराजाधिराजबाट देहायको ऐन जारी गरिबक्सिन्छ।

१. (१) यो ऐनको नाउँ—"अन्तःशुल्क ऐन, २०११" भन्ने रहेको छ।

(२) यो ऐन नेपाल राज्यभर देखि लागू हुनेछ।

२. विषय अथवा प्रसंगले आर्को अर्थ नलागेमा यस ऐनमा देहायमा लेखिएका शब्दहरूको अर्थ देहायबमोजिम हुनेछ।

(१) अन्तःशुल्क लाग्ने वस्तु या पदार्थ :– यी शब्दहरूले यो ऐनको दफा ३ उपदफा (१) बमोजिम अर्थमन्त्रालयबाट गजेटमा प्रकाशित गरिने वस्तुहरूलाई जनाउँछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कारखाना — यो शब्दले अन्तःशुल्क लाग्ने वस्तु या पदार्थ तयार गर्ने कल, मेसिन रहेको घर र त्यसको लगापात अथवा त्यसको कुनै भागलाई जनाउँछ।

३. (१) अन्तःशुल्क लाग्ने वस्तु या पदार्थहरूको सूचि र तिनीहरूमा लाग्ने करको दर ( रेट ) नेपाल सरकार अर्थमन्त्रालयले बखत बखतमा गजेटमा प्रकाशित गर्नेछ।

(२) उपदफा (१) मा लेखिएबमोजिमका अन्तःशुल्क लाग्ने वस्तु या पदार्थहरूमा नेपाल सरकार अर्थमन्त्रालयले सोविषयमा बाँधी दिएको नियमबमोजिम अन्तःशुल्क लिइनेछ।

(३) वस्तु या पदार्थको मोलअनुसार कर लिइने कलमहरूमा कारखानाबाट निकालिने अवस्थाको थोक मूल्यमा अन्तःशुल्क लिइनेछ।

४. सरकारले गजेटमा सूचना प्रकाश गरी सूचनामा तोकिएको मितिदेखि लाइसेन्सबेगर देहायको कामहरू गर्न निषेध गर्न सक्तछ।

(१) अन्तःशुल्क लाग्ने वस्तु या पदार्थहरू पैदा गर्न या बनाउन।

(२) अन्तःशुल्क लाग्ने वस्तु या पदार्थहरू थोक खरिद बिक्री गर्न।

(३) अन्तःशुल्क लाग्ने वस्तु या पदार्थहरू कुनै निर्दिष्ट परिमाण-भन्दा बढी थन्क्याई राख्न वा साथमा राख्न।

५. देहायको कसूर गर्नेहरूलाई प्रत्येक कसूरको निमित्त ६ महिनासम्म कैद वा दुई हजारसम्म जरिवाना वा दुवै हुन सक्तछ।

(१) दफा ३ बमोजिमको तिर्नुपर्ने कर दबाउन छपाउन छल्न खोजेमा।

(२) दफा ४ को खिलाफ काम गर्नेमा।

(३) यो ऐनअन्तरगत बनेको नियमले पेश गर्नुपर्ने कागज हरहिसाब पेश नगरेमा वा झुट्टा कुरा पेश गरेमा।

(४) यो ऐनको खिलाफ गरेको कसूर दबाउन, छपाउन मद्दत गरेमा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. यो ऐनको खिलाफ काम भएको ठहरेको बस्तु, त्यस्तो बस्तु रहेको भाँडा बर्तन, त्यस्तो बस्तु बनाउन व्यवहार गरिएको ज्यावल, मेशिनहरू र यो ऐनबर्खिलाफ गरेको जानी जानी त्यस्तो बस्तु ओसार पसार व्यवहारमा लगाइएको पशुहरू र गाडीहरू सरकारले जफत गर्नेछ।

७. यो ऐनबमोजिम सरकारलाई तिर्नुपर्ने कर अर्थमन्त्रालयले बाँधिदिएको नियमबमोजिम सो मन्त्रालयले मुकुरर गरेको अफिसर वा अड्डालाई बुझाउनुपर्छ। बुझाउनुपर्ने कर नबुझाएमा सरकारी बाँकी नबुझाउनेबारेको ऐनबमोजिम हुनेछ।

८. यो ऐनबर्खिलाप काम भएको छ भन्ने पूरा शंका वा प्रमाण छ भने त्यस्तो अपराध गर्ने व्यक्तिलाई अन्तःशुल्कको काम निमित्त मुकर्रर भएको अफिसर वा अड्डाले पक्राउ गरी कारवाई चलाउन सक्तछ।

९. पुलीस, भन्सार, बजार, माल तथा गोरवाराका सबै कर्मचारीहरूले यस ऐनको बर्खिलाप काम भएको थाहा भएमा अन्तःशुल्कको काम गर्ने अड्डामा वा नजिकमा सो अड्डा नभए अरू कुनै सरकारी अड्डामा सो कुराको सूचना गर्नुपर्दछ। अपराध गर्ने व्यक्तिलाई पक्राउ गर्नु वा अन्तःशुल्कको काम गर्ने अफिसरहरूले मागेमा मदत दिनुपर्दछ। यस्तो सूचना पाएपछि अन्तःशुल्कको काम गर्ने अड्डाले तुरुन्त कारवाइ गर्न र अरू अड्डाले भए पक्राउ गरी कारवाई गर्न अन्तःशुल्कको काम गर्ने अड्डामा चलान गर्नुपर्छ। यस ऐनको बर्खिलाप काम भएको थाहा भएमा जिमिदार पटवारीले पनि नजिक अड्डामा त्यसको सूचना गर्नुपर्दछ।

१०. कुनै घर जग्गामा गैर कानूनी तवरले कुनै अन्तःशुल्क लाग्ने बस्तु यो पदार्थ कसैले बनाउन लागेको सो घर जग्गाको मालिक वा कुनै तवरले भोग चलन गरी बसेको वा हेरचाह गर्न राखिएको मानिसले थाहा पाएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना दिनु नपर्ने कारण भएमा बाहेक त्यस कुराको सूचना तुरुन्त अन्तः शुल्क अड्डा, बजार अड्डा, भन्सार, पुलीसचौकी, मालअड्डा वा गोस्वारामा गर्नुपर्दछ ।

११. दफा १० बमोजिम दिनुपर्ने सूचना नदिई यो ऐनको बर्खिलाप काम भएको जानी जानी कसैले दबाउन छपाउन खोजेको ठहरेमा त्यस्तो व्यक्तिलाई ६ महिनासम्म कैद या २००० रुपैयाँसम्म जरिवाना वा दुवै हुन सक्छ ।

१२. यो ऐनबर्खिलाफ काम भएको पक्राउ गर्ने वा गराइदिनेलाई उपर भएको बिगो जरिवानाको शयकडा ५० मुद्दा किनारा लागेपछि शुरू कारवाई गर्ने अड्डाले बेहोरा जनाई कमिशन खर्च लेखिदिनु. यो कमिशन सरकारी कर्मचारीहरूले पनि पाउँछन् ।

१३. यो ऐनको बर्खिलाफ काम भएको छ भन्ने केही सबूद प्रमाण भएमा वा सूचना पाएमा गैरकानूनी कारवाई हुन लागेको ठाउँको खान तलासी लिन वा त्यतो काम गर्ने व्यक्तिलाई पक्राउ गर्न दफा ६ मा उल्लेख गरिएका अफिसरहरूले पाउँछन् ।

१४. अन्तःशुल्क अड्डाका कर्मचारीहरू वा यस ऐनअनुसार अधिकार पाएका कर्मचारीले:—

(१) विना सबूद प्रमाणले कुनै ठाउँको खानतलासी लिए वा लिन लगाए ।

(२) दुःख दिने नियतले बेकारणमा कुनै व्यक्तिको तलासी लिए वा निजलाई छेक थुन गरे वा पक्राउ गरे ।

(३) यस ऐनअनुसार जफत गर्नुपर्ने कुरा जफत गर्ने निहुँले कोही व्यक्तिको जफत गर्नुनपर्ने चल सम्पत्ति जफत गरे प्रत्येक कसूरको निमित्त २००० रुपैयाँसम्म जरिवाना हुन सक्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५, रीस इवीले झुट्टा सूचना दिई कसैको खानतलासी लिन लगाए वा पक्राउ गर्न लगाएको ठहरे त्यस्तो झुट्टा खबर गर्नेलाई १०० देखि ५०० रुपैयाँसम्म जरिवाना वा १ मैन्हादेखि ३ मैन्हासम्म कैद वा दुवै अन्तःशुल्क अड्डाको तजवीजबमोजिम हुन सक्तछ।

१६. अन्तःशुल्क विभागको कुनै कर्मचारीले आफूभन्दा माथिको अफिसरको अहरविना अगावै सूचना नदिई कुनै मनासीवमाफिकको कारण नभई आफूले गर्नुपर्ने कर्तव्य नगरे, गर्न इन्कार गरे वा गर्न पछि हटे त्यस्ता कर्मचारीलाई ३ महिनासम्म कैद वा ३ महिनाको तलब भत्ताजतिसम्म जरिवाना वा दुवै हुन सक्तछ।

१७. शुरू कारवाई गरेको अड्डाको फैसलाउपर चित्त नबुझे त्यस्ता व्यक्तिले ऐन सवालको म्यादभित्र सरकारमा अपील गर्नुपर्छ।

१८. यो ऐनमै सजाय किटान भएकोमा बाहेक यो दफाअन्तर्गत बनेका नियमहरू भङ्ग गरेकोमा रु २००० सम्म जरिवाना वा ६ महिनासम्म कैद ठेक्ने गरी यो ऐनलाई कार्यान्वित गर्नको निमित्त निम्न विषयहरूमा सरकारले नियमहरू बनाउन शक्तछ।

(१) यो ऐनलाई कार्यान्वित गर्ने अधिकारी मुकरर गर्ने।

(२) अन्तःशुल्क लाग्ने कुनै पदार्थ यस्तो ठाउँमा बाहेक बनाउन वा उब्जा गर्न विलकुलै पाउँदैन वा यस्तो शर्तमा बाहेक पाउँदैन भनी निषेध गर्ने।

(३) अन्तःशुल्क लाग्ने वस्तु सो बनाउने वा उब्जा गर्ने ठाउँबाट कुनै व्यक्तिकहाँ गोदाम घर वा बजारमा ओसार पसार गर्ने।

(४) अन्तःशुल्क लाग्ने वस्तु बनाउने कारखाना वा थन्क्याउने गोदामको मालिकलाई यो ऐनबमोजिम काम कारवाई गर्ने कर्मचारीहरूलाई बस्ने घर दिने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) अन्तःशुल्क लाग्ने वस्तु गोदाममा राख्ने भिक्ने ।

(६) अन्तःशुल्क लाग्ने वस्तु पैदा गर्ने वा बनाउने व्यक्ति कारखानाहरुलाई उत्पादनको र सम्बन्धित विषयको स्याहा स्रेस्ता खडा गर्ने, दाखिल गर्ने र जचाउँने ।

(७) यस्तो भाँडामा राखेमा बाहेक यस्तो लेवल वा टिकट नटाँसी वा ब्याण्ड रोल वा छाप नलगाई कुनै अन्तःशुल्क लाग्ने वस्तु बेच्न वा बेच्न राख्न हुँदैन भनी निषेध गर्ने ।

(८) अन्तःशुल्क लिने बुझाउनेबारे ।

आज्ञाले—
तिलकशमशेर,
सेक्रेटरी,—कानूनमन्त्रालय.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १२

मिति २०११।४।७।५

शिक्षामन्त्रालयअन्तर्गत पाटन इन्टरमिडिएट कलेजका निमित्त अंग्रेजीका एक, इतिहासका एक र अर्थशास्त्रका एक जम्मा तीनजना लेक्चरर चाहिएका छन् । उमेदवारहरूले प. स. क. फाराम नं. १ (२०१०) मा भरी २०११ साल आश्विन ७ गते रोज ५ सम्ममा तलको ठेगानामा दरखास्त दिनुहोला । दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी,गौंडा, गोस्वारामा पनि पाइनेछ ।

पदको विवरण यस प्रकार छ :—

१. पद—लेक्चरर, गजेटेड, स्थायी तथा पेन्शन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता—तत्तद् विषयमा एम. ए. पास गरेको ।

३. विशेष योग्यता—सेकेन्ड क्लासमा पास भएका उमेदवारहरू भए बढ़ता बेस।

४. मासिक वेतन स्केल—मो. रु. १८०—३६० ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।